## Nepal- Israel Relations

Diplomatic ties between Nepal and Israel were established on June 1, 1960. Since the establishment of embassies in each other's countries, the two countries are developing a mutually friendly and close relationship. The establishment by Israel of its first embassy in South Asia in Nepal's capital, Kathmandu, in March 1961 demonstrates the importance of its relationship with Nepal. Since Nepal established its embassy in Israel's Tel Aviv on August 13, 2007, the ties between the two countries are getting stronger.

Geographically, Nepal and Israel have quite different identities. Israel is a country which shares a sea shore, whereas Nepal is a land-locked country. After Bilatateral Air service agreements were established between Nepal and Israel in 2002, the number of Israeli tourists to Nepal has constantly been increasing. At present, about eight thousand Israeli tourists visit Nepal every year.

The lowest land, the Dead Sea, is situated in Prosperous and industrialized nation, Israel, whereas Nepal has boasts of the highest mountain in the world, Mt Everest. Owing to the locations of the lowest and highest land areas, Israel and Nepal have distinct identities in the world. Because of the geographical destinations equipped with quite distinct geographic features, there are possibilities of these countries enjoying particular advantages in the national, international and intra-country tourism development.

## Mt Everest, +8,848 m.

Mount Everest is situated in Solukhumbu, a Himalayan district. Situated at 8,848 m above sea level, Mt Everest is known as the world's highest mountain. Mt Everest, which lies in the Mahalangur Himalayan range linked with Tibet (China) in the north, here are snowfall in all twelve months. This area is conserved by the Sagarmatha National Park. The presence of Mt Everest in the Nepalese tourism sector has attracted adventurous and nature-loving tourists of the world, including South Asia, and this carries abundant development potentials. There are documentary evidences to prove that New Zealand Sir Edmund Hillary and Nepalese Tenzing Norgay Sherpa, in 1953, successfully scaled Mt Everest for the first time. Since then, thousands of national and international mountaineers are attracted towards scaling Mt Everest. Historian Baburam Acharya was the person who christened Sagarmatha, whereas Everest was christened after Surveyor Sir George Everest.

## The Dead Sea, -422 m.

The Dead Sea is a salt lake located in eastern Israel. The Dead Sea- a national and worldwide natural treasure is the largest spa in the world. Tourists and extreme sports fans are drawing its nature heritage. The Dead Sea's hypersalinity provides a unique floating experience and the health benefits of the minerals found in its water and muds are immense. It is a breathtakingly beautiful area which includes wadis, cliffs and an extraordinary zoological and botanical importance. The Dead Sea and the surrounding area have great religious and historic significance and represent a turbulent chapter in the history of Eretz Israel.

**Courtesy**

**Photo Image:** **a) Mt Everest: - Nepal Mountaineering Association.**

**b) Dead Sea: - "Megilot Dead Sea" Regional Council, Israel.**

## नेपाल-इजरायल सम्बन्ध

नेपाल र इजरायलबीच सन् १९६० जून १ मा दौत्य सम्बन्ध स्थापना भएको पाइन्छ। यी दुई देशबीच आवासीय दुतावासको स्थापनासँगै एकापसमा अत्यन्त मित्रवत् एवं घनिष्ट सम्बन्ध बढ्दै गएको छ। इजरायलले दक्षिण एशियामै पहिलो आवासीय राजदुतावास सन् १९६१ मार्चमा नेपालको काठमाण्डौमा स्थापना गरेकोले पनि नेपालसँग उसको सम्बन्धको महत्वलाई दर्शाउछ। नेपालले सन् २००७ अगष्ट १३ मा आफ्नो आवासीय राजदुतावास इजरायलको तेल-अभिभमा स्थापना गरेसँगै दुई देशबीचको सम्बन्ध प्रगाढ हुँदै गएको पाइन्छ।

क्षेत्रफलका हिसावले २०,७७० वर्गकिलोमीटर भू-भाग भएको इजरायल र करिव सातगुणा बढी १,४७,१८१ वर्गकिलोमीटर भू-भाग भएको नेपाल भौगोलिक रुपमा फरक परिचयमा रहेका छन्। इजरायल समुद्रसँग जोडिएको मुलुक हो भने नेपाल भू-परिवेष्ठित मुलुकका रुपमा रहेको छ। नेपाल र इजरायलबीच सन् २००२ मा हवाई सम्बन्ध स्थापना भएपश्चात् नेपाल आउने इजरायली पर्यटकहरुको संख्यामा वृद्धिहुँदै गएको र हाल बर्षेनी करिव आठहजार इजरायली पर्यटकहरु नेपाल भ्रमणमा आउने गरेको पाइन्छ।

सम्पन्न औद्योगिक मुलुक इजरायलमा विश्वकै सवैभन्दा होचो भू-भाग मृत-सागर रहेको छ भने नेपालमा विश्वकै सवैभन्दा अग्लो भू-भाग सगरमाथा रहेको छ। यी दुई होचो र अग्लो महत्व बोकेका भू-भागहरुको अवस्थितिले इजरायल र नेपालको विश्व मानचित्रमा विशेष परिचय रहन गएको छ। फरक किसिमका भू-भागहरुले सज्जित भौगोलिक गन्तव्य भएकाले यी मुलुकहरुले राष्ट्रिय, अन्तरराष्ट्रिय एवं अन्तरदेशीय पर्यटन विकासका क्षेत्रमा विशेष लाभ प्राप्त गर्न सक्ने सम्भावना रहेको छ।

## सगरमाथा (Mt Everest +8848 m.)

सगरमाथा नेपालको हिमाली जिल्ला सोलुखुम्बुमा अवस्थित छ। समुद्र सतहबाट ८८४८ मीटर उचाईमा रहेको सगरमाथालाई विश्वको सवैभन्दा अग्लो शिखरको रुपमा चिनिन्छ। उत्तरतर्फ चीनको तिब्बतसंग जोडिएको हिमश्रृङ्खलामा पर्ने सगरमाथामा बाह्रैमहिना हिउँ पर्दछ। यो क्षेत्र सगरमाथा राष्ट्रिय निकुञ्जद्धारा संरक्षित छ। सन् १९५३ मे २९ मा सर् एडमण्ड हिलारी र तेन्जिङ्ग नोर्गे शेर्पाले प्रथम पटक सगरमाथाको सफल आरोहण गरेको प्रमाणित अभिलेख पाईएको छ। तत्पश्चात बर्षेनी हजारौं स्वदेशी तथा विदेशी पर्वतारोहीहरु यसको आरोहणमा आकर्षित भएको पाइन्छ। पहिलो पटक यस हिम शिखरको नाम सगरमाथा नामाकरण गर्ने इतिहास शिरोमणी बाबुराम आचार्य हुन् भने सर्भेयर सर् जर्ज एभरेष्टको नामबाट सगरमाथाको नाम एभरेष्ट राखिएको पाइन्छ।

प्राकृतिक सुन्दरतासँगै बहुमूल्य जडिबुटी एवं बनस्पतिको मुहानको रुपमा रहेको सगरमाथा लगायतका हिमाली क्षेत्रहरुको व्यापक रुपमा प्रचार-प्रसार आवश्यक छ। आवास तथा यातायात सुविधा पुग्ने गरी पूर्वाधारहरुको निर्माण गर्नसके विदेशी एवं स्वदेशी पर्यटकहरुको आगमन बढ्ने निश्चित छ। नेपाली पर्यटन क्षेत्रमा सगरमाथाको उपस्थितिले दक्षिण एशिया लगायत विश्वका साहसिक र प्रकृतिप्रेमी पर्यटकहरुको आकर्षण बढेको हुँदा यसले विकासका प्रचुर सम्भावना बोकेको पाइन्छ। सगरमाथा लगायत नेपालका प्राकृतिक सम्पदाहरुलाई परिचालन गर्न सके विकासको नयाँ खुड्किलो पार गर्न धेरै समय लाग्दैन भन्ने धारणा सम्बन्धित विज्ञहरुबाट सार्वजनिक भएका छन्।

## मृत-सागर (Dead Sea -422 m.)

समुद्र सतहभन्दा ४२२ मीटर तल रहेको मृत-सागर एशियाली मुलुक इजरायलको पूर्वी भागमा पर्दछ। यसको पूर्वी सिमानामा जोर्डनको राजधानी शहर अम्मान रहेको छ। मृत-सागरलाई नुनिलो पानीको ताल पनि भन्ने गरिन्छ। विश्वकै होचो विन्दु भएकोले यो इजरायल र समग्र विश्वकै प्राकृतिक गहना हो। मृत-सागरमा रहेको पानी तथा माटोबाट प्राकृतिक स्वस्थ्य खनिजहरु निरन्तर प्रवाह भईरहेको पाइन्छ। यसलाई खनिज पदार्थ मिश्रित पानीको ठूलो श्रोत मानिएको छ। मृत-सागर र आसपासका क्षेत्रमा विभिन्न जीवजन्तु, वनस्पति तथा सुख्खा क्षेत्रका साथै समुद्री धारिलो चट्टानहरु प्रचुर मात्रामा पाइन्छन्। यस क्षेत्रमा ठूला-ठूला धार्मिक तथा ऐतिहासिक घटनाका अवशेषहरु पाईएका छन्। यो नेपालको सगरमाथा जस्तै विशेषता बोकेको पर्यटकीय गन्तव्यको अनुपम क्षेत्रको रुपमा रहेको छ।